# माध्यमिक तहका विद्यार्थीहरूको पठन संस्कृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

# The effects of reading culture on reading achievement of secondary school students

महेन्द्र न्यौपाने[१]

[१]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
शिक्षा विकास तथा अनुसन्धान केन्द्र
काठमाडौँ, नेपाल
**Email:**
mahendra.neupane@cerid.tu.edu.np

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66490

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

**लेखसार**

पठनलाई बानीका रूपमा विकास गरी संस्कृतिकै रूपमा अवलम्बन गर्नाले विद्यार्थीमा ज्ञानको दायरा बढ्न गई सिर्जनात्मक, समालोचनात्मक क्षमता विकासमा योगदान पुगी सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रभाव पर्छ । नेपालको माध्यमिक तहका विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार चुनौतीको विषय रहेको सन्दर्भमा पठन संस्कृतिको अध्ययन गरी त्यसको शैक्षिक उपलब्धिसँगको सम्बन्ध पहिचान कार्य कमै मात्र भएको छ । यस सन्दर्भमा कीर्तिपुर नगरपालिकाका दुई ओटा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन संस्कृतिको अन्वेषण गरी त्यसको सिकाइ उपलब्धिसँगको सम्बन्ध पहिचान गर्ने उद्देश्यमा यो अनुसन्धान लेख केन्द्रित छ । परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित यस अनुसन्धानमा सर्वेक्षण प्रश्नावलीको उपयोग गरी सामग्री सङ्कलन गरी एस्.पी.एस्.एस्. सफ्टवयरका सहायताले तथ्याङ्कशास्त्रीय विश्लेषण गरी निष्कर्ष निकालिएको छ । कक्षा नौका विद्यार्थीको पढाइप्रतिको मनोवृत्ति सकारात्मक रहेको, शिक्षकबाट पठन संस्कृति प्रवर्द्धनका लागि महत्त्वपूर्ण प्रयास भए पनि विद्यालयको पुस्तकालय तथा घरमा पर्याप्त रुचिअनुसारका सामग्री र पठन संस्कृतिलाई प्रवर्द्धन गर्ने खालको स्पष्ट कार्यक्रम विद्यालयमा र घरमा पनि सचेत प्रयास हुन नसकेको अवस्था यस अनुसन्धानले उजागर गरेको छ । पर्याप्त पठन अभ्यासका कारण आफ्नो पठन क्षमताप्रति आत्मविश्वास बढ्न नसकेको तथा विविध खालका समस्याहरू भोग्न केही विद्यार्थीहरू बाध्य भएको तथा पठन संस्कृति र सिकाइ उपलब्धिका बिचमा सकारात्मक सम्बन्ध रहेको पनि अनुसन्धानबाट स्पष्ट भएको छ । विद्यार्थीको पठन संस्कृतिको महत्त्वबोध गरी अभिभावक तथा विद्यालयले बालबालिकाका रुचि बढ्ने खालका पठन सामग्रीको प्रबन्ध गरी नियमित पठन कार्यमा संलग्न गराउनुपर्ने देखिन्छ । यसो भएमा विद्यार्थीमा पठन बानी तथा संस्कृति विकास भई पठनगत कठिनाइ कम भई प्रभावकारी पठन क्षमताका कारण सिकाइ उपलब्धिमा समेत वृद्धि भई विद्यार्थीको समग्र व्यक्तित्व विकासमा समेत सकारात्मक प्रभाव पर्छ ।

***शब्दकुञ्जी :*** पठनबोध, पठनमैत्री वातावरण, पठन संस्कृति, पढाइप्रतिको मनोवृत्ति

**How to cite this article (APA)**

**English :** Neupane. M. (2024). The effects of reading culture on reading achievement of secondary school students. *Bikashko Nimti, Shiksha. 27*(1), 117-138. https://doi.org/10.3126/bns.v27i1.66490

**नेपाली :** न्यौपाने, महेन्द्र (२०८१), *माध्यमिक तहका विद्यार्थीहरूको पठन संस्कृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव, विकासको निम्ति शिक्षा,* २७(१), ११७-१३८ । https://doi.org/10.3126/bns.v27i1.66490

## Abstract

Developing reading as a habit and adopting it as a culture expand students' knowledge and contribute to their creative and critical abilities, which ultimately have a positive impact on their learning achievement. In the context of the challenges of improving the academic achievement of secondary-level students of Nepal, very little work has been done on reading culture and its relationship with academic achievement. In this context, this article aims to explore the reading culture of students of two public secondary schools in Kirtipur Municipality and identify its relationship with learning achievement. This study is based on quantitative research framework. The data was collected through a survey questionnaire and statistical analysis was conducted with the help of SPSS software. Findings reveal the positive attitude of class nine students towards reading. Despite teachers' efforts to promote reading culture, no concerted effort was made to provide adequate materials in the school library and at home. Furthermore, the findings show students' low confidence in reading ability and some students facing various problems. Overall, there is a positive relationship between reading culture and learning achievement. Recognizing the importance of students' reading culture, parents and schools should manage reading materials that increase childrens' interest and engage them in regular reading activities. Students' increased engagement in reading will develop their reading habits and culture, leading to increased learning acheivement and also contributing to their overall personality development.


***Keywords:*** reading comprehension, reading friendly environment, reading culture, attitude towards reading

## परिचय

मानिसलाई व्यक्तिगत र पेसागत जीवनका लागि पढाइको महत्त्व छ। पढाइ ज्ञान आदानप्रदान गर्ने आधारभूत साधन तथा पढ्ने बानी त्यस्तो प्राज्ञिक क्रियाकलाप हो जसले प्रभावकारी तरिकाले पढ्ने क्षमताको विकास गर्छ (Ameyaw & Anto, 2018) । मानिसले पढाइबाट जीवनका लागि आवश्यक, ज्ञान र सक्षमता हासिल गर्छन्। पढाइले मानिसमा पाठको अर्थबोध गर्ने तथा लिखित अभिव्यक्ति बुझ्ने क्षमता मात्र विकास नगरी ज्ञानको दायरा फराकिलो बनाई भाषाका अन्य सिपहरूमा सक्षमता अभिवृद्धि गर्छ। यसले मानिसको कल्पना, सिर्जना र तर्कक्षमता पनि अभिवृद्धि गर्दछ। पढाइ सक्षमतालाई ज्ञानको साँचो भनिन्छ (Ameyaw & Anto, 2018) । सूचनामा प्राथमिक पहुँच स्थापित गर्ने माध्यम नै पढाइ हो। जति धेरै पढिन्छ त्यति नै धेरै साझा रूपमा भोग्ने समस्याहरूलाई सजिलैसँग बुझ्ने र त्यसका समाधानका उपायका बारेमा चिन्तन गर्न सकिन्छ (Hall, 2012)। पढाइको मूल्य हरेक व्यक्तिका लागि छ। यो सबैजसो ज्ञान र पेसाहरूको प्रवेशद्वार हो (Ameyaw & Anto, 2018) । पढाइ आवश्यक नपर्ने जस्तो लाग्ने सामान्य काममा पनि उक्त कामका सेवा सर्त र सुविधा जस्ता पक्षका बारेमा जानकारी हासिल गर्न पनि पढाइको आवश्यकता पर्छ।

विद्यार्थीका लागि पढाइको झनै महत्त्व छ। विद्यार्थीले पाठ्यक्रममा राखेका उद्देश्यहरू हासिल गर्न पाठ्य तथा सन्दर्भ पुस्तकहरू पढेर तिनबाट निर्दिष्ट ज्ञान र सिप आर्जन गर्नुपर्छ। आज पनि पढाइ विश्वभरिकै शिक्षा प्रणालीको सिकाइको प्रमुख माध्यम रहेको छ (Yuong, Nguyen & Le, 2021) । आधुनिक सूचना तथा सञ्चार प्रविधिको विकासको परिणामस्वरूप पाठ्यसामग्रीहरू श्रव्य र

डिजिटल स्वरूपमा समेत उपलब्ध छन्। सूचना प्रविधिको विकासले पठन सामग्री र पढाइको तरिकामा भिन्नता आएको भए पनि पढाइको महत्त्व घटेको छैन, बरु बढ्दै गएको छ। पढाइ हरेक विद्यार्थीका लागि सर्वाधिक महत्त्वपूर्ण प्राज्ञिक कार्य (Scott, Saaiman, 2016) हो। पढाइले बालबालिकालाई व्यावहारिक ज्ञान, प्राज्ञिक ज्ञान तथा समग्र सामाजिक सक्षमता बढाउन मद्दत गर्छ (Vuong, Nguyen & Le, 2021)। यसका लागि शिक्षक तथा अभिभावकले नमुना बनेर प्रेरित गर्ने, पुस्तकको उपलब्धता तथा छनोटमा सहयोग गर्ने जस्ता कार्य गर्नु लाभदायी हुन्छ। विद्यालयमा हुने पढाइजन्य क्रियाकलापलाई शैक्षिक उपलब्धिका लागि मात्र हो भन्ने भावना नलिई यसको दीर्घकालीन प्रभावलाई बुझ्नुपर्ने हुन्छ। विद्यालयमा राम्रो पढ्ने बानी र पठनबोध क्षमता विकास गर्न सकेमा त्यसले विद्यर्थीहरूको पढाइमा त राम्रो गर्छ नै पेसागत जीवनमा पनि उत्तिकै सकारात्मक प्रभाव पार्दछ। पढाइको असफलताले समाजमा हरेक खालका समस्या सिर्जना हुन सक्छन्। विद्यार्थीहरूमा पढाइ सिप प्रवर्द्धन गर्न प्रोत्साहित गर्नुपर्छ (Bashir and Mattoo, 2012)। विद्यार्थीमा पढाइ संस्कृतिका माध्यमबाट प्रभावकारी पढाइ सिपको विकास गरी शैक्षिक सफलताका साथै जीवनका लागि आवश्यक ज्ञान र सिप विकास गराउनुपर्छ।

दैनिक जीवनयापनकै अङ्गका रूपमा पढाइलाई अपनाउनु, पढाइतर्फ रुचिपूर्ण ढङ्गले आनन्द लिएर संलग्न हुनुलाई पठन संस्कृति भनिन्छ। यसले परीक्षा उत्तीर्ण गर्ने उद्देश्यले पढिने अप्ठ्यारो र सीमित उद्देश्यमा केन्द्रित पढाइलाई मात्र जनाउँदैन बरु यसले निरन्तरको पढाइ र पढाइको आन्तरिक मूल्य तथा जीवनकै एक हिस्साको रूपमा पढाइलाई लिने कार्यलाई बुझाउँछ (Ailakhu and Unegbu, 2017)। पठन संस्कृतिले पढाइलाई नियमित संस्कृतिकै रूपमा प्रयोग गर्नु, पढाइप्रतिको सकारात्मक मनोवृत्तिलाई बढाउनु तथा पढाइलाई आनन्ददायक कार्यका रूपमा विकास गर्ने प्रक्रियालाई सङ्केत गर्छ (Nyam, 2015)। दैनिक रूपमा पढ्ने बानीको विकास गर्न सकेमा यो पठन संस्कृति बन्न जान्छ। विद्यार्थीमा पठन संस्कृति निर्माण गर्न पढाइलाई दैनिक रूपमा पुनरावृत्ति गर्नुपर्छ (Mendez, 2018)। पठन पुनरावृत्तिले व्यक्तिमा सिर्जनात्मक र समालोचनात्मक सोचको विकास भई मानसिक विकासमा सहयोग पुऱ्याउँछ (Tung and Chang, 2009)। पढाइको महत्त्वबोध गराएर विद्यार्थीमा प्रभावकारी पठन सिपको विकास गरी निरन्तर रूपमा पढाइप्रति उत्प्रेरित गर्दै अभ्यास गराउन सकेमा सकेमा उनीहरूमा पठन संस्कृति निर्माण गर्न सकिन्छ। पठन संस्कृतिले विद्यार्थीलाई पढाइमा नियमित अभ्यस्त बन्न सघाउँछ। आनन्ददायक कार्यका रूपमा पढाइमा संलग्न हुँदा शैक्षिक सफलताका अतिरिक्त भावी पेसागत जीवन र जीवनका लागि आवश्यक विविध पक्षको ज्ञान विकासका लागि मद्दत मिल्दछ।

पढाइप्रतिको विद्यार्थीको धारणा सोचाइ तथा दृष्टिकोण पढाइप्रतिको मनोवृत्ति हो। पढाइप्रतिको मनोवृत्तिलाई व्यक्तिको पढाइप्रतिको अनुभव र अनुभूतिका रूपमा लिइन्छ जसले विद्यार्थीलाई पढाइ तथा पढाइ वातावरणप्रति आकर्षित गर्छ। पढाइप्रतिको सकारात्मक मनोवृत्तिले विद्यार्थीलाई सकारात्मक पढाइ अभ्यासतर्फ डोऱ्याउँछ जुन उच्चतम शैक्षिक उपलब्धिको महत्त्वपूर्ण कारक बन्छ (Shahriza Abdul Karim, & Hasan, 2007)। पढाइप्रतिको मनोवृत्ति पढाइ उपलब्धिसँग उच्च र सकारात्मक सहसम्बन्ध राख्ने पक्ष हो। विद्यार्थीको पढाइप्रतिको सकारात्मक प्रवृत्ति विकासका लागि पढाइको महत्त्वप्रतिको अनुभूति, आनन्दका लागि पढाइ, पढाइप्रतिको आफ्नै उच्च तहको

अवधारणा/विश्वास, मौखिक उत्तेजनायुक्त घरायसी वातावरण तथा पढाइसम्बन्धी मौखिक अन्तर्क्रिया जस्ता पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् (Welberg and Tasi, 1983)। जुन बालकले बाल्यकालमा आफ्नै पुस्तकको सङ्ग्रहसहित पढ्ने अवसर प्राप्त गरेको छ उसमा पढाइप्रतिको सकारात्मक प्रवृत्तिको विकास हुन्छ र जसले उक्त अवसर प्राप्त गर्दैन उसमा सकारात्मक प्रवृत्ति विकास हुन सक्दैन (Khubis, 1994)। घरायसी वातावरण र पढाइप्रतिको सकारात्मक मनोवृत्तिका बिचमा सम्बन्ध रहेको छ। बच्चसँगै पढ्ने, बच्चाको पढाइप्रतिको अभिभावकको रुचि, घरमा पुस्तकको उपलब्धता, उपहारका रूपमा पुस्तकको प्राप्ति, पुस्तकालयको प्रयोगजस्ता शैक्षिक वातावरण उपलब्ध भएमा पढाइप्रति सकारात्मक मनोवृत्ति विकास हुन्छ (Partin & Hendricks, 2002)। विद्यार्थीमा पठन संस्कृति विकासका लागि उनीहरूमा पढाइप्रतिको सकारात्मक मनोवृत्तिको विकास गर्नुपर्छ। घर, विद्यालय, साथीसङ्गी, समाजलगायतका विविध पक्षबाट पढाइमैत्री वातावरण उपलब्ध गराउन सकेमा पढाइप्रतिको सकारात्मक मनोवृत्ति विकास हुन गई यसबाट पठन संस्कृति तथा उच्चतम शैक्षिक उपलब्धि हासिल हुने आधार तय हुन्छ।

घर तथा विद्यालयको पठनमैत्री वातावरण विद्यार्थीको पठन बानी तथा पठन संस्कृति निर्माणको महत्त्वपूर्ण आधार हुने हुँदा व्यक्तिमा पढाइको महत्त्व बुझाउन तथा जीवनयापनमा यसको प्रभावकारी उपयोग गर्न जीवनको प्रारम्भिक चरणबाट नै विद्यार्थीलाई पढाइतर्फ उत्प्रेरित गरिनुपर्छ। यसका लागि विद्यालय र घरमा उपलब्ध हुने पढाइमैत्री संस्कृतिको निकै महत्त्वपूर्ण भूमिका हुन्छ। विद्यार्थीमा पढाइप्रतिको गहिरो प्रभाव तथा पढ्ने बानीको निर्माण विद्यालय उमेरमा नै निर्माण गर्न सकिन्छ, जसको प्रभाव उसको जीवनपर्यन्त नै कायम रहन्छ (Green, 2001, cited from Ameyaw & Anto, 2018)। विद्यार्थीमा पढ्ने बानीको विकास गर्न उनीहरूलाई विद्यालय र घरमा पढाइसँग सम्बन्धित कार्यकलापमा संलग्न गराउनुपर्छ। Brenner (1987) ले पढाइमा प्रभाव पार्ने समग्र पक्षलाई पढाइका पर्यावरण (reading ecosystem) नाम दिँदै यसका सूक्ष्म प्रणाली, मध्यम प्रणाली, बृहत् प्रणाली र वातावरणीय प्रणाली गरी चार भागमा विभाजन गरेका छन्। उनले घरपरिवार र विद्यालयलाई सूक्ष्म प्रणालीअन्तर्गत राख्दै यिनले विद्यार्थीको पठन बानी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विचार तर्क गर्छन्। घरपरिवारले पढाइलाई सम्मान गर्दै बालबालिकाको रुचि र इच्छाअनुसार क्रियाकलापमा सहभागी गराएर पठन बानी निर्माणमा सहयोग गर्छन्। अभिभावक 'घरका शिक्षक' भएकाले उनीहरूसँग पुस्तकालय हुनैपर्छ । शिक्षकले पाठमा आधारित भई गर्ने पढाइभन्दा अभिभावकले फरक र मनोरञ्जनात्मक दृष्टिले पठन क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको पठन बानीमा महत्त्वपूर्ण प्रभाव पार्न सकिन्छ (Knoester, 2009)। बालबालिकालाई घरमा साक्षरता सिर्जना गरी पुस्तककेन्द्री वातावरण सिर्जना गर्छ। शैक्षिक तथा पठनसंस्कृतियुक्त घरमा अभिभावक आदर्श नमुना, उत्प्रेरक, सहजकर्ताका रूपमा रहँदै बालबालिकाको पठन क्रियाकलापमा साथ दिने, उत्साहित गर्ने तथा घरमा विविधतायुक्त पठन सामग्री उपलब्ध गराउँछन् (Park, 2008)। परिवारको शैक्षिक वातावरणले विद्यार्थीको पठन संस्कृति निर्माणमा योगदान पुग्छ। अभिभावक र बालबालिकाको अन्तर्क्रियात्मक पठन व्यवहारले शैक्षिक उपलब्धि सुधारमा महत्त्वपूर्ण भूमिका खेल्छ।

विद्यालय विद्यार्थीको पठन संस्कृतिमा प्रत्यक्ष प्रभाव पार्ने पक्ष हो । विद्यालयले बालबालिकालाई पढाइको प्रक्रिया सिकाउने र साक्षारताको शिक्षा दिने निकायका (Cerrillo, larranaga & Yubero, 2002) साथै पढाइको योजना र रणनीतिलाई प्रोत्साहन गर्ने शैक्षिक केन्द्रको रूपमा (Romero & Heredia, 2019) रहेर विद्यार्थीमा पठन बानी र संस्कृति निर्माणमा भूमिका निर्वाह गर्छ (Cited in Romero Oliva, Ambros Pallares & Trujillo Saez, 2020)। विद्यालय पठन बानी, पढाइप्रतिको सकारात्मक मनोवृत्ति र पढाइ संस्कृति निर्माण गर्ने औपचारिक निकाय हो । कक्षाकोठा तथा पुस्तकालयमा उपलब्ध पुस्तक, शिक्षकको उत्प्रेरणा, साथीभाइसँगको सहकार्य, प्रतिस्पर्धाले उनीहरूमा पढ्ने बानीको विकास हुन्छ । पढाइको औपचारिक स्थल विद्यालय भएकाले विद्यार्थीको पढाइ क्षमता विकासमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ ।

पठन बानी र पठन संस्कृति विद्यार्थीका लागि शैक्षिक र पेसागत जीवनको सफलताको आधार हो । सूचना र सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै पढाइका विविध तरिकाहरू उपलब्ध भए पनि पढ्ने बानी क्रमशः घट्दै गएको पाइन्छ । Palani (2012) युवा र वृद्ध उमेरका व्यक्तिमा पठन बानीको महत्त्व सूचना तथा सञ्चार प्रविधिका साधन (टेलिभिजन लगायत) को प्रयोगका कारण कम हुँदै गएको तर्क गर्छन् । नेपालमा विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ल्याउने सबाल विद्यालय शिक्षाको एक महत्त्वपूर्ण सबाल बन्दै आएको छ । पछिल्लो समयमा नेपालको विद्यालय तहको विद्यार्थीको उपलब्धिस्तर सन्तोषजनक नरहेको तथ्य विद्यालय तहका सार्वजनिक परीक्षाले सार्वजनिक गरेका छन् ।  नेपालको विद्यालय शिक्षाको उपलब्धि परीक्षण गर्ने निकाय शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको राष्ट्रव्यापी रूपमा गरेका विद्यार्थीको उपलब्धि परीक्षणका क्रममा नेपाली विषयको कक्षा ८ को सन् २०११, सन् २०१३, सन् २०१७ र सन् २०२० मा विद्यार्थी उपलब्धिको राष्ट्रिय औसत क्रमशः ४९, ४८, ६८ र ५९ रहेको थियो ।  त्यस्तै कक्षा १० को सन् २०१९ मा गरिएको विद्यार्थी उपलब्धि ६३ रहेको थियो (Education Review office, 2020) । पठन संस्कृतिको प्रत्यक्ष सम्बन्ध शैक्षिक उपलब्धिसँग रहेको तथा नेपाली विषयमा पठनबोधसँग प्रत्यक्ष सम्बन्धित पक्षलाई समेत विद्यार्थी मूल्याङ्कनको आधार बनाइएको सन्दर्भलाई हेर्दा विद्यार्थीको कम उपलब्धिस्तरको एउटा कारण पठन बानी तथा पठन संस्कृतिलाई पनि लिन सकिन्छ ।

नेपालका सन्दर्भमा राष्ट्रव्यापी रूपमा विद्यालय तहका विद्यार्थीहरूको पठन संस्कृति प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने तथा पढाइलाई आवश्यक महत्त्व प्रदान नगरेको अवस्था एकातिर छ भने अर्कातिर यस विषयमा अनुसन्धानको अभावसमेत रहेको छ। यही अवस्थालाई ध्यानमा राखी सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठन संस्कृतिको अन्वेषण गर्ने उद्देश्यमा केन्द्रित रहेर यो अनुसन्धान गरिएको हो । कक्षा ९ मा पढ्ने विद्यार्थीहरूको पठन संस्कृति अवन्वेषण गर्ने उद्देश्यमा यो अनुसन्धानात्मक लेख केन्द्रित रहेको छ ।  यो अनुसन्धान मूलतः कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पढ्ने बानी र रोजाइ, पढाइप्रतिको अभिरुचि/मनोवृत्ति, विद्यार्थीको पठन संस्कृति निर्माणमा घरपरिवार र विद्यालयले निर्वाह गर्ने भूमिकाको खोजीमा केन्द्रित रहेको छ ।

## अध्ययन विधि

यो अनुसन्धान परिमाणात्मक ढाँचामा आधारित छ। यसमा सर्वेक्षण विधिमा आधारित भई यस अनुसन्धानलाई अगाडि बढाइएको छ। विद्यार्थीको पठन संस्कृतिको अन्वेषण गर्ने मुख्य उद्देश्यमा केन्द्रित यस अनुसन्धानमा विद्यार्थीको पढ्ने बानी र त्यसप्रतिको धारणालाई विद्यार्थीकै दृष्टिकोणबाट सर्वेक्षण प्रश्नावलीका माध्यमबाट सङ्कलन गरिएको छ। यस अनुसन्धानमा तथ्याङ्क सङ्कलनका लागि कीर्तिपुर नगरपालिकाका दुई सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। यो अध्ययनको उद्देश्य मूलतः फरक भाषिक तथा सामाजिक आर्थिक पृष्ठभूमिका बालबालिकाको पठन संस्कृति पहिचान गरी त्यसको सिकाइ उपलब्धिसँगको सम्बन्ध पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेका कारण उद्देश्यपूर्ण नमुना छनोट विधि अपनाइएको हो। विद्यालय छनोट भइसकेपछि सम्बन्धित विद्यालयका माध्यमिक तह कक्षा नौका विद्यार्थीहरूलाई जनगणना विधिका माध्यमबाट सम्पूर्ण विद्यार्थीहरूलाई सहभागी गराइएको छ। जहाँ विद्यालय 'क' बाट ३५ जना र विद्यालय 'ख' बाट ४३ जना गरी जम्मा ७८ जना विद्यार्थीहरूले सर्वेक्षण प्रश्नवलीमा आधारित रही तथ्य उपलब्ध गराएका छन्। तिनै सहभागीबाट व्यक्त अभिमत विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

प्रस्तुत अध्ययनका लागि सामग्री निर्माण गर्दा सर्वेक्षण प्रश्नावलीलाई सामग्रीको रूपमा उपयोग गरिएको छ। यसका लागि स्मिथ (सन् १९९१) द्वारा तयार पारिएको पढाइप्रतिको मनोवृत्ति सर्वेक्षण र दुई दशकभन्दा बढी समयदेखि पढाइसँग सम्बन्धित अवस्था पहिचानका लागि अन्तराष्ट्रिय रूपमा विभिन्न राष्ट्रहरूमा सर्वेक्षण गर्दै आइरहेको संस्थाा PIRLS ले सन् २०२१ मा ५७ राष्ट्रमा सर्वेक्षण गर्नका लागि तयार पारिएको प्रश्नलाई आवश्यक मात्रामा उपयोग परिमार्जनसहित उपयोग गरिएको छ। यी दुवै प्रश्नावलीमा समाविष्ट अंशहरू नेपालका सन्दर्भमा अनुपयोगी हुने हदसम्म हटाइएको र केही आवश्यक ठानिएका केही पक्षहरू थप गरिएको छ।

सर्वेक्षण प्रश्नावलीमा दुई ओटा खण्डहरू छन्। पहिलो खण्ड विद्यार्थीको वैयक्तिक विवरण, परिवारको शैक्षिक वातावरण, रुचि जस्ता विषयसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएको छ। दोस्रो खण्डमा पठन व्यवहार, आनन्दका लागि पढाइ, विद्यालयको पठन संस्कृति, पढाइका कठिनाइसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएको छ। दोस्रो खण्डमा पाँच तहयुक्त लिकर्ड स्केल (पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत, पूर्ण असहमत) सँग सम्बन्धित कथनहरू समाविष्ट गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएका सामग्रीलाई विषय विशेषज्ञद्वारा परीक्षण गराई प्राप्त सुझावका आधारमा सम्पादन गरी अन्तिमीकरण गरिएको थियो। अनुसन्धानकर्ता स्वयम्बाट नै तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विद्यालय प्रशासन तथा स्वयम् विद्यार्थीबाट समेत लिखित अनुमति लिएर प्रश्नगत रूपमा विद्यार्थीहरूलाई स्पष्ट पारी उत्तर लेख्न लगाएर उत्तरपुस्तिका सङ्कलन गरिएको थियो। परीक्षणको साधनको क्रोनब्याक अल्फा विश्वसनीयता परीक्षण गर्दा यसको मान ०.७ आएको छ। जुन मान परीक्षणको साधनमा आन्तरिक स्थिरताको मात्रा स्वीकार्य रहेको भन्ने हुन्छ (George and Mallery, 2020)। उपर्युल्लिखित विधिबाट सङ्कलित तथ्याङ्कलाई एस्.पी.एस्.एस्. सफ्टवयरको प्रयोग गरी विश्लेषण गरिएको छ। परिमाणात्मक अनुसन्धानका

तथ्याङ्कशास्त्रीय पद्धतिको उपयोगमा ल्याइएको छ। विद्यार्थीको पठन संस्कृतिलाई सङ्ख्यात्मक र प्रतिशताङ्क र पठन संस्कृतिजन्य चरहरूको मानलाई सिकाइ उपलब्धिसँगको सम्बन्धलाई विद्यार्थीको औसत स्तरगत अङ्कको मध्यकसँग तुलना गरी विश्लेषण गरिएको छ। यसरी प्राप्त नतिजालाई पूर्वअध्ययनसँग तुलना गर्दै तर्कसहितको विश्लेषणका साथ निष्कर्ष निकालिएको छ।

## नतिजा

यस अध्ययनबाट प्राप्त नतिजालाई विद्यार्थीको पृष्ठभूमिगत विशेषताको वितरण, पठन रुचि, घरको पठनमैत्री वातावरण, पठन व्यवहार, आनन्दका लागि पढाइ, विद्यालयको पठन संस्कृति, पढाइका कठिनाइ, पठन संस्कृति र सिकाइ उपलब्धिबिचको सम्बन्ध जस्ता उपशीर्षकहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ। प्राप्त तथ्याङ्कलाई परिमाणात्मक तथ्याङ्क विश्लेषण पद्धतिको अवलम्बन गरी विश्लेषण गरिएको छ।

### सहभागीको पृष्ठभूमिगत विशेषता

यस अनुसन्धानमा फरक लिङ्ग, मातृभाषी र जातिका विद्यार्थीहरूको सहभागिता रहेको थियो। सहभागीको पृष्ठभूमिगत विशेषतालाई तल तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

**तालिका १**

*सहभागीको पृष्ठभूमिगत विशेषताहरूको वितरण प्रतिशत*

| विशेषता | गुण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| | पुरुष | ४७ | ६० |
| लिङ्ग | महिला | ३१ | ४० |
| | जम्मा | ७८ | १०० |
| | नेपाली | ६२ | ७९.५ |
| | राई, लिम्बू, तामाङ | ६ | ७.७ |
| मातृभाषा | अछामी | ३ | ३.८ |
| | मैथिली | ४ | ५.१ |
| | डोटेली | १ | १.३ |
| | जम्मा | ७८ | १०० |
| | क्षेत्री | ३३ | ४२.३ |
| | बाह्मण | १४ | १७.९ |
| जति | गुरुङ, लामा | ९ | ११.५ |
| | दलित | ८ | १०.३ |
| | राई, लिम्बू | ५ | ६.४ |
| | नेवार | ३ | ३.८ |
| | मगर | ३ | ३.८ |
| | अन्य | ३ | ३.८ |
| | जम्मा | ७८ | १०० |


तालिका नं. १ ले यस अध्ययनमा सहभागी विद्यार्थीको लिङ्ग, मातृभाषा र जातिका आधारमा विविधताको अवस्थालाई प्रस्तुत गरेको छ। यसअनुसार पुरुषका तुलनामा महिला बढी, भाषिक दृष्टिले नेपाली मातृभाषी वक्ताको अधिकता र जातिका दृष्टिले सबैभन्दा बढी क्षेत्री र बाह्मण जाति लगायत सात जातिका विद्यार्थीहरू सहभागी भएका छन्।

## पठन रुचि

विद्यार्थीको पठन संस्कृति निर्माणका लागि विद्यार्थीको पठन रुचिलाई ख्याल गर्नु आवश्यक हुन्छ। विद्यार्थीलाई रुचि अनुसारका पठन सामग्री उपलब्ध गराउँदा उनीहरू पढाइतर्फ आकर्षित हुन्छन्। यस अध्ययनका सहभागीहरूको पढाइप्रतिको रुचिलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ :

**चित्र १**

*विद्यार्थीको पठन रुचि*




चित्र नं. १ ले सहभागी विद्यार्थीको पठन रुचिलाई प्रस्तुत गरेको छ। जहाँ विद्यार्थीहरूले नेपाली र अङ्ग्रेजी भाषाका, विषयगत दृष्टिले साहित्य, विज्ञान, पत्रपत्रिका र अन्य विषयका पुस्तकमा र साहित्यका विधाका दृष्टिले कथा, कविता, नाटक र उपन्यास विधाका कृतिप्रति आफ्नो रुचि रहेको अभिमत प्रकट गरेका छन्।

## घरको पठनमैत्री वातावरण

पठन संस्कृति निर्माणका लागि विद्यार्थीको घरको वातावरण पठनमैत्री हुनुपर्छ। घरमा पर्याप्त मात्रामा पाठ्यसामग्री उपलब्ध भई नियमित र उद्देश्यपूर्ण ढङ्गले पठन कार्यमा समय बिताउन सकेमा पठन संस्कृति निर्माण हुन्छ। तालिका नं. २ मा विद्यार्थीको घरको पठनमैत्री वातावरणँग सम्बन्धित तथ्यलाई प्रस्तुत गरिएको छ :

**तालिका २**

*घरको पठनमैत्री वातावरण*

| विषय | एकाइ | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| घरमा भएका जम्मा पुस्तक सङ्ख्या | १ देखि ५० पुस्तक | ३५ | ४४.९ |
| | ५१ देखि १०० पुस्तक | १३ | १५.४ |
| | १०१ देखि २०० पुस्तक | ११ | १४.१ |
| | २०० भन्दा धेरै पुस्तक | १९ | २५.६ |
| आफ्ना पाठ्यपुस्तक बाहेकका पुस्तक सङ्ख्या | १ देखि ५ ओटा पुस्तक | ४ | ५.१ |
| | ६ देखि १० ओटा पुस्तक | २४ | ३०.८ |
| | ११ देखि १५ ओटा | २९ | ३७.२ |
| | १६ देखि २० ओटा | ११ | १४.१ |
| | २१ भन्दा बढी | १० | १२.८ |
| आफूले पढ्ने पुस्तक छनोटको स्रोत | इन्टरनेट | ३७ | ४७.४ |
| | पुस्तकालय | १६ | २०.५ |
| | परिवारका सदस्य | १२ | १५.४ |
| | साथी | ७ | ९.० |
| | शिक्षक | ६ | ७.७ |
| पढाइको मुख्य उद्देश्य | ज्ञान प्राप्ति | ३७ | ४७.४ |
| | व्यक्तित्व विकास | १८ | २३.१ |
| | परीक्षा उत्तीर्ण | १२ | १५.४ |
| | सिर्जनात्मक क्षमता विकास | ९ | ११.५ |
| | फुर्सदको समय बिताउन | ३ | २.६ |
| विद्यालयबाहेक दैनिक पढाइमा बिताउने समय | दुई घण्टासम्म | १७ | २१.८ |
| | दुई घण्टाभन्दा बढी चार घण्टासम्म | ३४ | ४३.६ |
| | चार घण्टाभन्दा बढी | २७ | ३४.६ |
| उपहारका रूपमा पुस्तक दिएको | छ | ४६ | ५९.० |
| | छैन | ३२ | ४१.० |
| उहारका रूपमा पुस्तक लिएको | छ | ३३ | ४२.३ |
| | छैन | ४५ | ५७.७ |
| इन्टरनेटमा बिताउने समय | इन्टरनेट सुविधा नभएका | १० | १२.८ |
| | १ घण्टासम्म | ३३ | ४२.३ |
| | १ घण्टाभन्दा बढी २ घण्टासम्म | २१ | २७.१ |
| | दुई घण्टाभन्दा बढी | १४ | १७.८ |
| विद्युतीय उपकरणजन्य खेलमा बिताउने समय | कत्ति पनि नखेल्ने | ४१ | ५२.६ |
| | १ घण्टासम्म खेल्ने | २२ | २८ |
| | १ घण्टादेखि २ घण्टासम्म खेल्ने | ८ | १०.३ |
| | दुई घण्टाभन्दा बढी खेल्ने | ७ | ९.० |


तालिका नं. २ ले यस अध्ययनमा सहभागी विद्यार्थीको पुस्तकको उपलब्धता, पुस्तक छनोटको स्रोत र उद्देश्य, उपहारका रूपमा पुस्तक ग्रहण र प्रकट, दैनिक घरमा पढाइ र इन्टरनेटमा समय बिताउने समयलाई प्रस्तुत गरेको छ। धेरै सहभागीसँग पर्याप्त पुस्तक नभएको, पुस्तक छनोटका लागि इन्टरनेटबाट प्राप्त सूचनालाई स्रोतका रूपमा धेरै विद्यार्थीले लिने तथा धेरै विद्यार्थीले पढाइलाई ज्ञान प्राप्तिका लागि लिएको तथ्य प्रस्तुत भएको छ। त्यस्तै पुस्तकलाई उपहारका रूपमा लिने र दिने कार्य गरेको पाइए पनि व्यापक संस्कारका रूपमा भने स्थापित हुन सकेको अवस्था देखिँदैन। विद्यार्थीले दैनिक घरमा पढाइमा बिताउने समय र इन्टरनेटमा समय बिताउने समयसम्बन्धी तथ्यले पनि विद्यार्थीको पठनमा ठुलो आकर्षण नरहेको अवस्थालाई सङ्केत गरेको छ।

## पठन व्यवहार

पठन व्यवहार पठन संस्कृतिको महत्त्वपूर्ण पक्ष हो। पढाइलाई व्यवहारमा कुन रूपमा लिएका छन् भन्ने आधारमा उनीहरूको पढाइप्रतिको मनोवृत्तिका साथै पठनबोध क्षमतासमेत निर्धारण हुन्छ। पठन व्यवहार पठन संस्कृति बोध गराउने पक्ष पनि हो। यस अध्ययनमा सहभागी विद्यार्थीहरूको पठन व्यवहारसम्बद्ध तथ्यलाई चित्र नं २ मा प्रस्तुत गरिएको छ :

**चित्र २**

*विद्यार्थीको पठन व्यवहार*




चित्र नं. २ मा प्रस्तुत तथ्यले अध्ययनमा सहभागी विद्यार्थीको पठन व्यवहारलाई प्रस्तुत गरेको छ। म राम्रो पढ्न सक्ने पाठकका रूपमा, आफूसँग धेरै पुस्तकको चाहनासम्बन्धी कथनमा धेरै विद्यार्थी सहमत भएको अभिमत व्यक्त गर्नाले पढाइप्रति विद्यार्थीको सकारात्मक मनोवृत्ति रहेको स्पष्ट हुन्छ। ल्यापटप, मोबाइलबाट पढ्न रमाइलो लाग्छ भन्ने कथनमा धेरै विद्यार्थीले सहमति जनाएकाले सूचना प्रविधिमा आधारित पढाइप्रति पनि को अनुभव विद्यार्थीले हाँसिल गरेको स्पष्ट


हुन्छ । यस्तै पढाइका बारेमा साथीसँग छलफल गर्ने बानी पनि धेरै विद्यार्थीमा रहेको तथा चित्रात्मक सामग्रीप्रतिको सकारात्मक धारणा रहेको तथ्य चित्र नं. २ ले प्रस्तुत गरेको छ । पढ्न सके पनि राम्ररी बुझ्न नसक्ने, राम्रोसँग पढ्न सक्दिनँ तथा कमजोर पढाइ क्षमता भएका विद्यार्थी र ममा केही समान विशेषता छन् भन्ने भनाइमा पनि अलिक बढी विद्यार्थीले सहमति जनाउनुले विद्यार्थीमा पढाइप्रति सकारात्मक मनोवृत्ति र पढाइको क्षमता धेरै कमजोर नरहे पनि पर्याप्त अभ्यासको कमीका कारण आत्मविश्वास कम हुन गएको मान्न सकिन्छ ।

## आनन्दका लागि पढाइ

विद्यार्थीले पढाइलाई बोझका रूपमा नलिई आनन्दायक कार्यका रूपमा लिन सकेमा पढाइतर्फ विद्यार्थी निरन्तर रूपमा लाग्दछन् । यसका लागि विद्यार्थीलाई पढाइको महत्त्व बुझाएर त्यसप्रति अभ्यस्त गराउनु पर्छ । विद्यार्थीले पढाइलाई कुन रूपमा लिन्छन् भन्ने तथ्यले उनीहरूको पठनप्रतिको मनोवृत्तिका साथै अभ्यासलाई समेत प्रतिबिम्बित गर्न सक्छ । यस अध्ययनका सहभागी विद्यार्थीले पढाइलाई कत्तिको आनन्ददायक कार्यका रूपमा लिन्छन् भन्ने तथ्यलाई तल चित्र नं. ३ मा प्रस्तुत गरिएको छ :

**चित्र ३**

*आनन्दका लागि पढाइ*




चित्र नं. ३ ले विद्यार्थीले पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने अवस्थालाई प्रस्तुत गरेको छ । यसअनुसार धेरै विद्यार्थीहरूले पढाइलाई आनन्दायक कार्यका रूपमा पठन कार्यलाई लिने सम्बन्धमा गरिएका कथनप्रति सहमति जनाएका छन् । केही विद्यार्थीहरू उक्त कथनमा सहमति हुन सकेका छैनन् । विद्यार्थीहरूले पुस्तकालयमा रुचिपूर्ण पुस्तकको अभाव रहेको तथा पर्याप्त पुस्तक नरहेको र विद्यालयमा प्रभावकारी पठनमैत्री वातावरण नभएको लगायतका कारणबाट सम्पूर्ण विद्यार्थीले पढाइलाई आनन्ददायक कार्यका रूपमा लिन नसकेको अवस्था देखिन्छ । त्यस्तै घरमा


समेत विद्यार्थीहरूलाई पर्याप्त पाठ्यसामग्री तथा प्रभावकारी शैक्षिक वातावरण नभएको अनि पढाइमा पनि धेरै समय व्यतित नगर्ने कारण पढाइमा रमाउन सक्ने अवस्था सिर्जना भएको छैन ।

### विद्यालयको पठन संस्कृति

विद्यालय बालबालिकाको पठन संस्कृतिलाई प्रोत्साहन गर्ने महत्त्वपूर्ण औपचारिक निकाय हो । विद्यालयमा विद्यार्थीले प्राप्त गरेको सिप, मार्गदर्शन र अभ्यासले पठन सक्षमता र पठन संस्कृति निर्माणमा प्रमुख भूमिका निर्वाह गर्छ । विद्यालयमा विद्यार्थीलाई पठन सिपमा सर्वोत्कृष्ट बनाउने, पठनलाई मूल्य दिने, आदर गर्ने र प्रोत्साहन गर्दा पढाइप्रति सकारात्मक मनोवृत्ति निर्माण भई संस्कारसमेत बन्न पुगी उनीहरूको वैयक्तिक, सामाजिक र शैक्षिक सफलता हासिल हुन्छ । यस अनुसन्धानका सहभागी विद्यालयको पठन संस्कृतिजन्य अभिमतलाई चित्र नं. ४ मा प्रस्तुत गरिएको छ :

**चित्र ४**

*विद्यालयको पठन संस्कृति*




चित्र नं. ४ मा विद्यालयको पठन संस्कृतिका सम्बन्धमा विद्यार्थीले व्यक्त गरेको अभिमतलाई प्रस्तुत गरिएको छ । विद्यालयको पठन संस्कृतिजन्य वातावरणले विद्यार्थीको पठन संस्कृति निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । यस अध्ययनमा सहभागी विद्यार्थीको विद्यालयमा शिक्षकले पढ्नका लागि उत्प्रेरित गर्ने, विद्यालयमा पठनसम्बन्धी कार्यकलापहरू सञ्चालन हुने तथा विद्यार्थीहरूका बिचमा आफूले पढेका पुस्तकका बारेमा साथीहरूका बिचमा छलफल हुन्छ भन्ने जस्ता कथनमा धेरै विद्यार्थीहरूले सहमति जनाएका छन् । विद्यालयले पुस्तकालयमा गई पुस्तक पढ्नका लागि समय छुट्याएको, विद्यालयका कक्षाकोठामा पर्याप्त पुस्तक उपलब्ध भएको तथा शिक्षकको अनुपस्थितिमा


पुस्तकालय गएर पुस्तक पढ्ने कथनका सन्दर्भमा अपेक्षाकृत कम विद्यार्थीले सहमति जनाएका छन् । यसबाट विद्यालयमा पढाइसम्बन्धी चेतना र त्यसप्रतिको चासो भएको, शिक्षकहरूका क्रियाकलाप त्यसप्रति अभिप्रेरित भएको देखिन्छ । यद्यपि विद्यालयले विद्यार्थीको पठन संस्कृतिलाई प्रवर्द्धन गर्नका लागि पर्याप्त मात्रामा रुचिअनुसारका पुस्तकहरू उपलब्ध गराउन नसकेको तथा पुस्तकालयमा पढ्नका लागि समय निर्धारण नगरेका कारण खाली समयमा पढाइभन्दा भिन्न कार्यमा समय व्यतित गर्ने विद्यार्थीको सङ्ख्या पनि पर्याप्त हुन पुगेको देखिन्छ ।

## पढाइका कठिनाइ

विद्यार्थीमा जति बढी पढाइगत कठिनाइहरू विद्यमान रहन्छन् त्यति नै उनीहरू पढाइप्रति अनिच्छुक रहन्छन् । कठिनाइका कारण पढेर अर्थबोध गर्न कठिनाइ हुन्छ जसका कारण पढाइबाट विद्यार्थीहरू टाढा भाग्न खोज्छन् । चित्र नं. ५ मा विद्यार्थीका पढाइका कठिनाइलाई प्रस्तुत गरिएको छ :

**चित्र ५**

*पढाइका कठिनाइ*




चित्र नं. ५ मा प्रस्तुत सहभागी विद्यार्थीले पढाइका सम्बन्धमा अनुभव गरेको कठिनाइ प्रस्तुत गरिएको छ । चित्रमा प्रस्तुत तथ्यले सहभागी विद्यार्थीहरू आफू कमजोर विद्यार्थी भएको, पढेको कुरा बुझ्न समस्या पर्ने जस्ता कथनमा कम विद्यार्थी सहमत भएका छन् । त्यस्तै पढाइबाट टाढा भाग्ने कोसिस गर्ने, पढाइ सम्झँदा पनि रिस उठ्ने जस्ता कथनमा झनै थोरै विद्यार्थी मात्र सहमत भएका छन् । यसबाट सहभागी विद्यार्थीमध्ये पढाइमा ज्यादा कठिनाइ भएका र पढाइप्रतिको नकारात्मक मनोवृत्ति भएका विद्यार्थी कम रहेको देखिन्छ । केही बढी विद्यार्थीले पढाइका कठिनाइसँग सम्बन्धित कथनमा सहमति जनाउनाका कारण विद्यार्थीको पठन बानी र अवधि पर्याप्त नभएका कारण अभ्यासको कमी हुन गई उनीहरूमा आत्मविश्वासको कमी रहन गएको देखिन्छ । आफूमा कठिनाइ विद्यमान रहेको कथनमा केही बढी विद्यार्थीको सहमति रहेको देखिन्छ । घरमा पर्याप्त

पाठ्यसामग्रीको अभाव, पठन समयावधि पर्याप्त नभएका अनि विद्यालयमा पठन अभ्यासको अवसर पर्याप्त नभएका कारण विद्यार्थीले आफ्नो पठन क्षमताप्रति विश्वस्त हुन सकेका छैनन् ।

## पठन संस्कृति र सिकाइ उपलब्धिबिचको सम्बन्ध

विद्यार्थीको पठन संस्कृतिले उनीहरूको शैक्षिक उपलब्धि र संज्ञानात्मक विकासमा प्रभाव पार्दछ । सकारात्मक पठन संस्कृतिले विद्यार्थीमा प्रभावकारी पठन सिप विकास भई त्यसका माध्यमबाट ज्ञान आर्जन, लेखन सिप विकास तथा आलोचनात्मक सोचको विकास हुन गई शैक्षिक उपलब्धि बढ्न जान्छ । यस अध्ययनमा सहभागी विद्यार्थीको पठन संस्कृति र सिकाइ उपलब्धिका बिचको सम्बन्धलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ :

### तालिका २

सामाजिक आर्थिक पृष्ठभूमि र शैक्षिक उपलब्धिबिचको सम्बन्ध

| आधार | लिङ्ग | औसत ग्रेड अङ्क |
|---|---|---|
| लैङ्गिक आधार | पुरुष | २.९१ |
| | महिला | २.९० |
| जातिगत आधार | बाह्मण/क्षेत्री | २.९६ |
| | जनजाति | २.८३ |
| | दलित | २.८० |
| | अन्य | ३.१० |
| घरमा भएका आफ्ना पढ्ने पुस्तक सङ्ख्याको आधार | १० ओटा सम्म | २.८४ |
| | ११ देखि २० ओटा | २.९० |
| | २१ र सोभन्दा बढी | ३.२२ |
| घरमा पढाइमा दैनिक बिताउने समयको आधार | १ देखि २ घण्टा | २.७६ |
| | २ घण्टाभन्दा बढी ४ घण्टासम्म | ३.०३ |
| | ४ घण्टाभन्दा बढी | २.८६ |
| आमाको पेसाको आधार | कृषि | २.८३ |
| | जागिर | ३.२५ |
| | घर व्यवस्थापन | २.९३ |
| | व्यापार | २.७८ |
| | मजदुरी | २.५९ |
| | राजनीति | २.८३ |
| बाबुको पेसाको आधार | कृषि | २.९० |
| | जागिर | ३.० |
| | व्यापार | २.९३ |
| | मजदुर | २.५६ |
| | वैदेशिक रोजगार | २.८० |
| | राजनीति | ३.११ |

सामाजिक आर्थिक पृष्ठभूमिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावलाई तलिका नं. २ मा प्रस्तुत गरिएको छ । जातिगत बाह्मणको सबैभन्दा धेरै र त्यसपछि जनजातिको र सबैभन्दा कम दलित बालबालिकाको शैक्षिक उपलब्धि देखिएको छ। घरमा बालबालिकाका लागि अभिभावकले उपलब्ध गराइदिएको पुस्तक सङ्ख्याले अभिभावकले बालबालिकाको पढाइलाई दिएको महत्त्वलाई समेत जनाएको हुनाले कम पुस्तक हुने बालबालिकाका तुलनामा बढी पुस्तक हुने बालबालिकाको सिकाइ उपलब्धि प्रभावकारी भएको देखिएको छ। त्यस्तै पढाइमा कम समय बिताउने बालबालिबाका तुलनामा बढी समय बिताउने बालबालिकाको पढाइको स्तर राम्रो देखिनाका पछाडि पनि बाबुआमाले घरमा बालबालिकालाई पढाइको महत्त्व बुझेर पढाइका लागि उपयुक्त वातावरण सिर्जना गराई पढाइमा आबद्ध गराएको देखिन्छ। आमाको पेसागत आधार पनि बालबालिकाको सिकाइ उपलब्धिको निर्धारक बनेको छ। जागिरमा संलग्न आमा शिक्षित हुने भएकाले उनीहरूका बालबालिकाको सिकाइ उपलब्धिस्तर सबैभन्दा बढी देखिएको छ। घर व्यवस्थापन गर्ने आमाले बालबालिकाका लागि समय पर्याप्त समय उपलब्ध गराउने कारण बालबालिकाको शैक्षिक उपलब्धि दोस्रो धेरै देखिएको छ। मजदुरी गर्ने आमाहरूको शिक्षाको कमीका कारण पढाइप्रतिको महत्त्वबोध, घरमा प्रभावकारी शैक्षिक वातावरण तथा आवश्यक पाठ्यसामग्री व्यवस्थापनमा समस्या हुने कारण सबैभन्दा कमजोर शैक्षिक उपलब्धि देखिएको छ। बाबुको पेसागत आधारमा बालबालिकाको शैक्षिक उपलब्धिलाई हेर्दा राजनीति गर्ने बाबुका घरमा हुने विविध मानिससँगको सम्पर्क, सम्बन्ध र शिक्षाको महत्त्व बुझेका कारण आफ्ना सन्तानलाई शिक्षित बनाउन चाहेका कारण अनि जागिरमा संलग्न शिक्षित तथा शिक्षाको महत्त्व बुझेका बाबुका सन्तानको शैक्षिक उपलब्धि उच्च देखिएको छ। मजदुरीमा संलगन बाबुका सन्तानको शैक्षिक उपलब्धि कमजोर देखिनुमा उनीहरूको शिक्षा, चेतना तथा आयस्तरले भूमिका निर्वाह गरेको देखिन्छ।

**तालिका ३**

*पठन संस्कृति र सिकाइ उपलब्धिको औसतबिचको सम्बन्ध*

| तह | पठन व्यवहार | आनन्दका लागि पढाइ | विद्यालयको पठन संस्कृति | पढाइका कठिनाइ |
|---|---|---|---|---|
| पूर्ण सहमत | २.९९ | २.९२ | २.८५ | २.९२ |
| सहमत | २.९ | २.९५ | ३.०३ | २.७९ |
| अनिर्णित | २.७६ | २.७६ | २.९३ | २.७५ |
| असहमत | - | २.४६ | २.८१ | २.९६ |
| पूर्ण असहमत | - | - | ३.१९ | ३.३३ |

तालिका नं. ३ ले पठन पठन संस्कृति र सिकाइ उपलब्धिका बिचको सम्बन्धलाई प्रस्तुत गरेको छ। विद्यार्थीको पठन व्यवहारलाई सकारात्मक रूपमा लिने, पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने तथा विद्यालयको पठन संस्कृतिलाई सकारात्मक रूपमा लिने बालबालिकाको सिकाइ उपलब्धि तुलनात्मक रूपमा राम्रो रहेको देखिएको छ। त्यस्तै पढाइगत कम समस्या महसुस गर्ने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको पाइएको छ। पढाइप्रति सकारात्मक भएका, पढाइलाई आनन्दायक कार्यका रूपमा लिने तथा विद्यालयको विद्यमान पठन वातावरणलाई पनि सकारात्मक रूपमा लिने

विद्यार्थी पढाइमा बढी संलग्न हुने र अभ्यासका कारण पठनबोध क्षमता विकास भई समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव परेको देखिन्छ। त्यस्तै पठन व्यवहारप्रति सकारात्मक मनोवृत्ति नभएका, पढाइलाई आनन्ददायक कार्यका रूपमा लिन नसकेका, विद्यालयको पठन संस्कृतिलाई सकारात्मक रूपमा लिन नसकेका विद्यार्थीहरूले पढाइमा धेरै कठिनाइ महसुस गरेका अनि तिनको सिकाइ उपलब्धि राम्रो हुन नसकेको देखिन्छ।

## छलफल

यस अध्ययनले विद्यार्थीको माध्यमिक तह कक्षा ९ का विद्यार्थीहरू आफ्नै भाषाका पुस्तक त्यसमा पनि साहित्य र कथा विधाप्रति इच्छुक रहेको तथ्य उजागर गरेको छ। Hooper (2005) ले गरेको अध्ययनले ११ देखि १५ वर्षका बालबालिकाको पठन रुचिका सम्बन्धमा गरेको अध्ययनले पनि सर्वाधिक कथा विधातर्फ रुचि रहेको देखाएको थियो। Mirza et al. (2021) ले विद्यालय तहका विद्यार्थीको पठन रुचिसम्बन्धी अध्ययनका क्रममा पाठ्यक्रम निर्धारित यसै अध्ययनसँग मिल्दो पाठ्यवस्तुभन्दा अन्य पाठ्यसामग्री (कथा, कविता, पत्रपत्रिका, चित्रकथा, व्यङ्ग्यचित्र आदि) मन पराएको तथ्य उजागर गरेका थिए। यसरी विद्यार्थीको पठन रुचिअनुसारका सामग्री उपलब्ध गराउँदा बालबालिकाहरू पढाइतर्फ उत्प्रेरित हुने देखिन्छ। यस अध्ययनबाट विद्यार्थीहरूलाई घर र विद्यालयमा रुचिअनुसारका पर्याप्त पाठ्यसामग्री उपलब्ध नभएको, विद्यालयमा समेत पठन संस्कृति प्रवर्द्धन गर्ने स्पष्ट कार्यक्रम र रणनीति नभएको निष्कर्ष निस्केको छ।

त्यस्तै शिक्षकले व्यक्तिगत रूपमा विद्यार्थीको पठन संस्कृति प्रवर्द्धन गर्न प्रयास गरेको, विद्यार्थीमा पठनप्रति उत्साह र सकारात्मक मनोवृत्ति रहेको, धेरै विद्यार्थीले पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने गरेका तथ्य पनि उजागर गरेको छ। त्यस्तै यस अध्ययनबाट विद्यार्थीले पर्याप्त मात्रामा पठन अभ्यासको अवसर प्राप्त नगर्दा पढाइप्रति उत्प्रेरित हुन र पढाइजन्य कठिनाइहरू भोग्न बाध्य हुने निष्कर्षसमेत निस्केको छ। यसका साथै सामाजिक आर्थिक पृष्ठभूमि तथा पठन संस्कृतिले सिकाइ उपलब्धिसँग सम्बन्ध रहेको निष्कर्षसमेत निकालेको छ। Adhikari & Shrestha (2023) ले त्रिभुवन विश्वविद्यालयको स्नातक तहका विद्यार्थीको बृहत्तर (एक्सटेन्सिभ) पढाइसम्बन्धी गरिएको अध्ययनले पनि विद्यार्थीमा पठन बानी हराउँदै गई सामाजिक सञ्जालको प्रयोग बढी गरेको, शिक्षकस्वयम्मा पनि बृहत्तर पठन बानी नरहेको र विद्यार्थीलाई पठनमा उत्प्रेरित गर्न नसकेका अनि संस्थागत रूपमा पठनलाई प्रवर्द्धन गर्ने सहयोगात्मक वातावरण नरहेको निष्कर्ष निकालेको थियो। यसबाट नेपालमा विश्वविद्यालय स्तरमा समेत पठन संस्कृतिले महत्त्व नपाएको तथा शिक्षक विकासका रूपमा रहेको पूर्वसेवाकालीन तालिमका क्रममा नै प्रभावकारी पठन अभ्यास र वातावरण उपलब्ध नभएका कारण त्यसको प्रभाव विद्यालयसम्म नै परेको आँकलनसमेत गर्न सकिन्छ।

यस अध्ययनबाट जातिगत आधारमा सबैभन्दा राम्रो बाह्मण र क्षेत्री त्यसपछि क्रमशः जनजाति र दलितको सिकाइ उपलब्धि देखिएको थियो। बाह्मण क्षेत्रीको मानव विकास सूचकाङ्क जनजाति र दलितको तुलनामा उच्च रहेको तथा बाह्मण क्षेत्रीमा धार्मिक प्रकृतिका विभिन्न ग्रन्थहरू पढ्ने कारण पठन संस्कृति राम्रो हुन गई घरमा पढाइको वातावरण लामो समयदेखि स्थापित भएकाले

पनि सिकाइ उपलब्धि राम्रो रहेको देखिन्छ । त्यस्तै बालबालिकाले पढाइमा खर्च गरेको समयले पनि सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको निष्कर्ष यस अध्ययनले देखाएको छ ।। Goel (2014), Lawrence (2014) को अध्ययनले पनि विद्यार्थीको पठन बानी र शैक्षिक उपलब्धिका बिचमा सकारात्मक र उच्च सहसम्बन्ध रहेको निष्कर्ष निकालेका थिए । त्यस्तै Ameyaw, & Anto (2018) ले गरेको अध्ययनले शैक्षिक सफलतामा पढ्ने बानीले सहयोग पुऱ्याउने निष्कर्ष निकालेका छन् । यसर्थ बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न घर तथा विद्यालयमा प्रभावकारी पठन सामग्री उपलब्ध गराएर पढ्ने बानीको विकास गर्नु आवश्यक देखिन्छ ।

विद्यार्थीहरू बढी मात्रामा पढाइमा संलग्न हुँदा उनीहरूको सिकाइ उपलब्धि राम्रो हुने निष्कर्ष यस अध्ययनबाट निस्केको छ । Abid, Aslam, Alghamdi and Kumar (2023) र Fatiloro et al. (2017) को अध्ययनले पनि पठन बानीले विद्यार्थीको पठन सिपमा सुधार गरी विद्यार्थीको सिकाइको दायरालाई फराकिलो बनाई शैक्षिक उपलब्धिमा सुधार गर्ने निष्कर्ष निकालेका थिए। त्यस्तै Porkaew and Fongpaiboon (2018) विद्यार्थीको पठन रुचिअनुसारका पाठ्यक्रम बाहिरका पाठ्यसामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध गराएर पठन संस्कृतिलाई प्रवर्द्धन गर्न पनि यी अध्ययनहरूले जोड दिएका थिए । इन्डोनेसियाका अभिभावकहरूसँग गरिएको अनुसन्धानका आधारमा Alam (2021) बालबालिकालाई पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने बनाउन अभिभावकका माध्यमबाट महत्त्वपूर्ण संयन्त्र निर्माण गरी त्यसको प्रभाव किशोरावस्थासम्मका बालबालिकाहरूमा प्रभाव पार्न सकिने तर्क गर्छन् । अभिभावकहरूले आफ्ना बालबालिका पठन सक्षमता पहिचान गर्ने भएकाले त्यसैका आधारमा निरन्तर पढाइका लागि उनीहरूलाई प्रोत्साहन गर्नु धेरै प्रभावकारी रहने तर्क आलमले गरेका छन् । आलमको अध्ययनले बाल्यकालको अध्ययनको प्रभाव र बालबालिकाको घरको पढाइको महत्त्वलाई समेत थप उजागर गरेको छ। मलेसियाका माध्यमिक तहका विद्यार्थीहरूको पठन बानी र त्यसको पढाइ उपलब्धिसँगको सहसम्बन्धको अध्ययन गरी यी दुईका बिचमा उच्च र सकारात्मक सहसम्बन्ध हुने निष्कर्ष Hassan et al. (2021) ले निकालेका छन् । यसका साथै उनीहरूको अध्ययनले पढाइले व्यक्तिको व्यक्तित्व निर्माण गर्ने, सिर्जनात्मक र आलोचनात्मक चिन्तको विकास गर्ने तथा ज्ञानको दायरा विस्तार गर्ने भएकाले पठन बानी साक्षर समाज निर्माणको निर्णयक पक्ष भन्ने तथ्यसमेत उजागर गरेका छन् । यस्तै निष्कर्ष Palani (2012) ले गरेको अध्ययनबाट समेत निस्केको छ । यी अध्ययनबाट पढाइ केवल विद्यार्थीको शैक्षिक उपलब्धि बढाउका लागि मात्र नभई उनीहरूको जीवनपर्यन्त प्रभावका साथै समाजकै विकासका लागि पनि महत्त्वपूर्ण रहेको सार निस्केको छ। यसले पठन बानी र पठन संस्कृतिको दूरगामी सकारात्मक प्रभाव दर्साएको छ । यसर्थ विद्यार्थीको पठन क्षमताका माध्यमबाट बढीभन्दा बढी पढाइमा संलग्न गराई सिकाइ उपलब्धिमा सुधार गर्न विद्यार्थीलाई पढाइमा अधिक संलग्न गराई पठन बानीको विकास गराउनु आवश्यक देखिन्छ । यस अध्ययनले पठन संस्कृतिसँग सम्बन्धित विद्यार्थीको पठन व्यवहार, पठनप्रतिको मनोवृत्ति, पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने अवस्था जस्ता पक्षहरू र विद्यार्थीको सिकाइ उपलब्धिका बिचमा सकारात्मक सम्बन्ध रहेको निष्कर्ष निकालेको छ ।

प्रस्तुत अध्ययन केही सीमाहरूबिच सम्पन्न गरिएको छ। नमुनाको आकार सानो हुनु प्रस्तुत अध्ययनको सीमितता हो। नमुनाको ठुलो आकार निर्धारण गरी अध्ययन गर्न सकेको खण्डमा

नतिजामा सामान्यीकरणको गुण बढ्ने थियो। विद्यार्थीको पठन संस्कृतिको सग्लो चित्र उतार्नका लागि लम्बीय विधिको प्रयोग गरी पठन संस्कृतिको निर्माणमा भूमिका निर्वाह गर्ने सामाजिक आर्थिक पक्षहरूको समेत उजागर गर्नु आवश्यक हुन्छ। यो पनि यस अध्ययनको अर्को सीमाका रूपमा रहेको छ। विद्यालयमा सञ्चालित शिक्षक निर्मित परीक्षाबाट प्राप्त ग्रेडलाई आधार मानिएकाले उक्त परीक्षामा निहित कमजोरीहरूको असरको प्रभाव तुलनामा देखिन सक्ने अवस्था विद्यमान देखिन्छ। विद्यार्थीको पठन आबद्धता परीक्षणका लागि उपयोगमा आएका विद्यार्थी स्वयम्बाट व्यक्त धारणा, अनुभवको नमुना, अन्तर्वार्ता, अवलोकन विधि (Fredricks & McColskey, 2022) मध्ये विद्यार्थी स्वयम्बाट व्यक्त धारणामा मात्र सीमित छ। भविष्यमा विद्यार्थीको पठन संस्कृतिसम्बद्ध पक्षको उजागर गर्नका लागि विविधतायुक्त परिवेशको प्रतिनिधित्व हुने गरी नमुनाको आकार बढाएर विद्यार्थीको पठन रुचि, बानी र मनोवृत्तिका अतिरिक्त पठन संस्कृति निर्माणमा अभिभावक, विद्यालय र अन्य पक्षको भूमिका, सामाजिक आर्थिक पक्षको प्रभाव जस्ता पक्षको स्पष्ट सैद्धान्तिक आधारसहित अध्ययन गर्नु आवश्यक छ।

## निष्कर्ष

यस अध्ययनले सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९) का विद्यार्थीहरूको पठन संस्कृतिलाई उजागर गरी त्यसको सिकाइ उपलब्धिसँगको सम्बन्धलाई प्रस्तुत गरेको छ। विद्यार्थीहरू मूलतः आफ्नो मातृभाषा र पठनपाठनको माध्यम भाषाका पाठ्यपुस्तकमा रुचि राख्ने तथा सोही भाषाकै साहित्य र साहित्यमा पनि कथा विधातर्फ धेरै आकर्षित हुने तथ्य उजागर गरेको छ। विद्यार्थीहरूको घरमा रुचिअनुसारका पढ्ने पुस्तक धेरै विद्यार्थीको घरमा उपलब्ध नभएको, उपहार लिने र दिने प्रचलन भए पनि व्यापक संस्कारका रूपमा स्थापित हुन नसकेको उनीहरूले मूलतः ज्ञान प्राप्तिलाई पढाइको मुख्य उद्देश्यको रूपमा लिने गरेको, पुस्तकबारेको जानकारीको स्रोतका रूपमा धेरै विद्यार्थीले इन्टरनेटलाई उपयोग गर्ने गरेको तथा दैनिक इन्टरनेटमा समय बिताउने अनि विविध खेलहरू खेल्ने माध्यम पनि इन्टरनेट बनेको यथार्थता यस अध्ययनबाट पत्ता लागेको छ। धेरै विद्यार्थीहरूको पठनप्रतिको मनोवृत्ति सकारात्मक भए पनि केही विद्यार्थीहरूमा नकारात्मक मनोवृत्ति कायमै रहेको निष्कर्ष निस्केको छ। धेरै विद्यार्थीले पढाइलाई आनन्दादायक कार्यका रूपमा लिने र विद्यालयमा शिक्षकले विद्यार्थीलाई पठनप्रति उत्प्रेरित गरी पठन संस्कृति निर्माणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य उजागर भएको छ। त्यस्तै विद्यार्थीहरूलाई पठनतर्फ उत्प्रेरित गर्न तथा पठन संस्कृति निर्माण गर्न विद्यालयमा संस्थागत तथा कार्यक्रमगत रूपमा ठोस प्रयास गर्न नसकेको निष्कर्ष यस अध्ययनले निकालेको छ। विद्यालयका कक्षाकोठा तथा पुस्तकालयमा पर्याप्त पुस्तकको अभाव, पढाइसँग सम्बन्धित पर्याप्त अतिरिक्त कार्यकलापहरूको व्यवस्था, नियमित पुस्तकालय गएर पढ्ने व्यवस्था विद्यालयले गर्न नसकेको कारण विद्यार्थीहरूमा पढाइगत कठिनाइ विद्यमान रहेको तथा पढाइलाई सबै विद्यार्थीले आनन्ददायक कार्यका रूपमा लिन नसकेको अवस्था देखिएको छ। साथै यो अवस्था आउनमा घरमा पाठ्यपुस्तकको अभाव तथा अभिभावकबाट पर्याप्त पठन अभ्यासमा सहयोगको अभावको पनि उत्तिकै भूमिका रहेको तथ्य पनि यस अध्ययनबाट पत्ता लागेको छ। केही पढाइगत कठिनाइबाट विद्यार्थीहरू गुज्रिइरहेको अवस्था विद्यमान रहेको तथ्य पनि यस अध्ययनले उजागर गरेको छ। पढाइप्रति उत्साहित र सकारात्मक हुँदाहुँदै पनि पर्याप्त स्रोतको

अभाव र कार्यक्रमबद्ध नियमित अभ्यासका कारण यो अवस्था सिर्जना भएको तथ्य पनि यस अध्ययनले उजागर गरेको छ ।

यस अध्ययनले विद्यार्थीको सामाजिक आर्थिक पृष्ठभूमि र पठन संस्कृतिको सिकाइ उपलब्धिसँग सम्बन्ध पनि उजागर गरेको छ । पठन व्यवहार, पठन संस्कृति र आनन्दका लागि पढाइको शैक्षिक उपलब्धिसँग सकारात्मक तथा पढाइका कठिनाइको नकारात्मक सम्बन्ध रहेको निष्कर्ष यस अध्ययनबाट निस्केको छ । पढाइप्रति सकारात्मक मनोवृत्ति तथा व्यवहार भएका, पढाइलाई आनन्ददायक कार्यका रूपमा लिने, विद्यालयको वातावरणलाई पठनमैत्री रूपमा ग्रहण गर्न सकेका तथा कम मात्रामा पढाइमा कठिनाइ महसुस गरेका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो र अन्य विद्यार्थीको सिकाइ उपलब्धि तुलनात्मक रूपमा कमजोर रहेको निष्कर्ष यस अध्ययनबाट निस्केको छ । विद्यार्थीको पठन बानी र पठन संस्कृति विद्यार्थीको शैक्षिक, पेसागत जीवन र समग्र व्यक्तित्व विकासकै लागि पनि महत्त्वपूर्ण भएकाले विद्यालय, घरपरिवार सबैको सामूहिक पहलकदमी आवश्यक देखिन्छ । यसका लागि उनीहरूका रुचिअनुसारका सामग्रीको व्यवस्था गरी उनीहरूसँगै पढेर तथा उनीहरूले पढेका सामग्रीबारे छलफल चलाएर, पढ्न प्रोत्साहित गरेर, विविध प्रतियोगिता तथा नियमित पुस्तकालयमा पढ्ने व्यवस्था गरेर उनीहरूमा नियमित पढाइ अभ्यासका माध्यमबाट पठन संस्कृति निर्माण गरी शैक्षिक उपलब्धिका साथै जीवनपर्यन्त पढ्ने र पढाइको सकारात्मक प्रतिफल हासिल गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

## सन्दर्भसामग्री


Abid N., Aslam S., Alghamdi A. A. & Kumar, T. (2023). Relationships among students' reading habits, study skills, and academic achievement in English at the secondary level. *Front Psychol, 27,*14:1020269. doi: 10.3389/fpsyg.2023.1020269

Adhikari, B. R. & Shrestha, K. N.(2023). Extensive reading at the university level: Why is it trivialized in practice. *Journal of NELTA Gandaki, 6*(1-2), 1-12, DOI: 10.3126/jong.v6i1-2.59705

Ailakhu, U.V. & Unegbu, V. E. (2017). Librarians' promotion of reading culture and student's responsiveness in selected secondary schools in Lagos State, Nigeria. *Ebonyi Journal of Library and Information Science, 4*(1), 30-42.

Alam, N. A. R. (2021). The importance of parent's literacy understanding towards children reading habit. *Library Philosophy and Practice.* 4687. https://digitalcommons.unl.edu/libphilprac/

Alex-Nmecha, J. C. & Horsfall, M. N. (2019) Reading Culture, Benefits, and the Role of libraries in the 21st century. *Library Philosophy and Practice.* 2836.

Ameyaw, S. K. & Anto, S. K. (2018). Read or Perish: Reading habits among students and its effect on academic performance: A case study of Eastbank Senior High

School. *Library Philosophy and Practice*, 1748. https://digitalcommons.unl.edu/libphilprac/

Bashir, I., & Mattoo, N. H. (2012). A Study-on-study habits and academic performance among adolescents (14-19) Years. *International Journal of Social Science Tomorrow*, 1, 1-5.

Desale, S., & Kumbhar, R. (2022). Parent involvement towards children's reading habit: A focus group survey from Nashik, India. *Library Philosophy & Practice*. https://digitalcommons.unl.edu/libphilprac/7038

Education Review Office (B.S. 2080). *Annual Report 2079/080*.

Fatiloro, O. F., Adesola, O. A. Hameed, B. A. & Adewumi, O. M. (2017). A survey on the reading habits among colleges of education students in the information age. *Journal of Education and Practice, 8*(8), 106–110.

Fredricks, J. A. & McColskey, W. (2022). The measurement of student engagement: A comparative analysis of various methods and students self-report instruments. IN A. L. Reschly & S. L. Christenson (Ed.). *Handbook of research on student engagement* (2nd ed.). Springer.

George, D., & Mallery, P. (2020). IBM SPSS statistics 26 step by step: A simple guide and reference (16th ed.). Routledge. https://doi.org/10.4324/9780429056765

Goel, U. (2014). Comparative study of study habits in relation to academic achievement of senior secondary school students. Gyanodaya J. *The Journal of Progressive Education,* 7, 18–25. doi: 10.5958/2229-4422.2014.00004.8

Hall, L.A. (2012). The role of reading abilities in students' discussions about texts and comprehension strategies. *Journal of Literacy Research. 44*(3). 239-272. https://doi.org/10.1177/1086296X12445370

Hassan, I., Latiff Azmi, M. N., Muhamad, S. N., and Abdullah, A. T. H. (2021). Reading habits and their correlation with reading achievement among ESL learners in selected Malaysian secondary schools. *Arab World English Journal, 12*(3), 385–399. doi: 10.24093/awej/vol12no3.27

Hopper, R. (2005). What are teenagers reading? Adolescent fiction reading habits and reading choices. *Literacy, 39*(3), 113-120

Knoester, M. (2009). Inquiry into urban adolescent independent reading habits: Can Gee's theory of discourses provide insight?. *Journal of Adolescent & Adult Literacy, 52*(8), 676– 685. https://doi.org/10.1598/JAAL52.8.3

Kubis, M. E. (1994). The Relationship between home literary environments and attitudes toward reading in ninth-Grade Students. [Unpublished master thesis]. Georgia State University.

Lawrence, A. S. (2014). Relationship between study habits and academic achievement of higher secondary school students. *Indian Journal of Applied Research* 4, 143–145. doi: 10.15373/2249555X/June2014/43

Méndez. M. (2018). Ten simple rules for developing good reading habits during graduate school and beyond. *PLOS Computational Biology* 14(10): e1006467. https://doi.org/10.1371/journal.pcbi.1006467

Mirza, Q., Pathan, H., Khatoon, S., and Hassan, A. (2021). Digital age and reading habits: Empirical evidence from Pakistani Engineering University. TESOL Int. J. 16, 210–231.

Nyam, S.S. (2015). The school library and promotion of reading culture. *Delta Library Journal.* 9 (1&2), 4-45.

Palani, K. K. (2012) Promising reading habits and creating literate social. *International Reference Research Journal. 3* 2(1), 91-94.

Park, H. (2008). Home Literacy Environments and Children's Reading Performance: A Comparative Study of 25 Countries. *Educational Research and Evaluation.* 14, 489–505.

Partin, K., & Hendricks, C.G. (2002). The relationship between positive adolescent attitudes toward reading and home literary environment. *Reading Horizons, 43(* 4), 61-84.

Pirls (2021) *Pirls Reading Assessment Framework, 2021,* IEQ Times and Pirls, https://timssandpirls.bc.edu/timss2023/frameworks.

Porkaew, K., and Fongpaiboon, A. (2018). Effects of extensive reading on Thai tertiary 'students' reading attitudes. *Arab World English Journal* (AWEJ) 9, 207–219. doi: 10.24093/awej/vol9no1.15

Romero Oliva, M. F., Ambrós Pallarés, A., & Trujillo Sáez, F. (2020). Adolescent reading habits in an ecosystem called school: Determining factors in high school students. *Investigaciones Sobre Lectura,* 13, 1-17. DOI: https://doi.org/10.37132/isl.v0i13.295

Scott, L. & Saaiman, E., 2016, 'Promoting reading skills or wasting time? Students' perceived benefits of reading in an intermediary programme at the Vaal University of Technology, *Reading & Writing 7*(1), 1-11. http://dx.doi.org/ 10.4102/ rw.v7i1.82

Shahriza Abdul Karim, N., & Hasan, A. (2007). Reading habits and attitude in the digital age: Analysis of gender and academic program differences in Malaysia. *The Electronic Library, 25*(3), 285-298.

Tong, X., McBride-Chang, C., Shu, H., & Wong, A. M. (2009). Morphological awareness, orthographic knowledge, and spelling errors: Keys to understanding early Chinese literacy acquisition. *Scientific Studies of Reading, 13*(5), 426-452.

Vuong, Q.H., Nguyen, M. H., Le, T. T. (2021) Home scholarly culture, book selection reason, and academic performance: Pathways to book reading interest among secondary school students. *Europeon Jounal of Investigating Health Psychology and Education, 11*(2), 468–495. https://doi.org/ 10.3390/ejihpe11020034

Yusof, N. M. (2010). Influence of family factors on reading habits and interest among level 2 pupils in national primary schools in Malaysia. *Procedia Social and Behavioral Sciences,* 5, 1160–1165.

Welberg H. J. and Tasi, S. (1983). Reading achievement and attitude productivity among 17 years olds. *Journal of Literacy Research.* 15(3). 41-53.